# प्रदेश आर्थिक बुलेटिन

बर्ष १, अंक १ साउन, २०८२




**सम्पादकीय**

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को साउन महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को साउन महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलन लक्ष्यमा ०.५९ प्रतिशतले कमी आएको छ भने खर्च समेत घटेको छ भने अन्य आम्दानीको क्षेत्रमा कुनै पनि रकम प्राप्त भएको छैन।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

**प्रदेश सरकारको आम्दानीः**

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को साउन महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु १ करोड ५७ लाख ७ हजारले कम प्राप्त भएको छ भने संघबाट प्राप्त अनुदानमा र संघबाट प्राप्त हुने राजश्वमा कुनै पनि रकम प्राप्त भएको छैन।

**तालिका १: दुई आ.व. को साउन महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीक आम्दानी | ५१७.०० | १६.८५ | ५७३.४४ | १५.२८ |
| संधबाट प्राप्त अनुदान | १३०८.३६ | ०.०० | १२२३.३६ | ०.०० |
| संधबाट प्राप्त रोयल्टी | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| संधबाट प्राप्त राजश्व | ९६१.१२ | ०.०० | ९७९.२९ | ०.०० |
| आन्तरीक ऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २९३.२८ | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा | ३२९७.८६ | १६.८५ | ३१९८.०० | १५.२८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षा बमोजिम रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि कमि आएको छ। अघिल्लो आर्थिक वर्षमा साउन महिनासम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केहिले बढी हुन गएको छ। गत आर्थिक वर्षका केहि दायित्व भुक्तानी र अन्य क्षेत्रमा केहि रकम खर्च भएको छ।

२. आर्थिक वर्ष २०८२/८३ को साउन महिनासम्म जम्मा चालू तर्फ रु १ करोड ४२ लाख १२ हजार, पूँजीगत तर्फ रु ४ करोड ३३ लाख ५५ हजार र स्थानित तह तर्फ कुनै रकम खर्च नभई जम्मा रु ५ करोड ७५ लाख ६७ हजार मात्र वित्तीय प्रगति भएको छ सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति संग तुलना गर्दा रु ५८ लाख ५२ हजारले कमि हुन आउछ।

३. गत आर्थिक वर्षको मंसिरसम्ममा जम्मा विनियोजनको ०.१९ प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा ०.१८ प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः२ तिन आर्थिक वर्षको खर्चको विवरण रु हजारमा

| | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महिना** | २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ | | | |
| | चालु खर्च | पूँजिगतखर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| **श्रावण** | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| **जम्मा खर्च** | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| **विनियोजन** | १०६३१२३८.०० | २०१९०४६२.०० | ५००००००.०० | २१०५५००.०० | १११५००६०.०० | १९५१७९९३.०० | ३०००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५००००.०० | २००१०५९.०० |
| **खर्च प्रतिशत** | ०.०२ | ०.१३ | ०.०० | ०.०० | ०.१२ | ०.२६ | ०.०० | ०.०० | ०.१३ | ०.२३ | ०.०० | ०.०० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. तिन आर्थिक वर्षको विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था र स्थानीय तह तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु तर्फ आर्थिक वर्ष २०८२/८३ र पूँजीगत तर्फ आर्थिक वर्ष २०८१/८२ मा अन्य आर्थिक वर्ष भन्दा बढि खर्च भएको देखिन्छ।

